



तामाकोशी नदी किनारको नागदह बस्ती



दोलखा नगरी



सिम्पानीस्थित बालउद्यान पोखरी


प्रकाशक :

**भीमेश्वर नगरपालिका कार्यालय**

चरिकोट, दोलखा, फोनः ०४९-४२११००, ४२१४९१

वेभसाइट : www.bhimeshwor.gov.np


ऐतिहासिक, धार्मिक र सांस्कृतिक धरोहर
प्रकृति र पर्यटनले समुन्नत भीमेश्वर नगर


# हाम्रो भीमेश्वर





*Destination Dolkha*

# भीमेश्वर नगरपालिका





नेपालमा पहिलो पटक चाँदीको सिक्का चलाउने ऐतिहासिक दोलखा राज्यको राजधानी दोलखा बजार देशमा आइपर्ने अनिष्टको पूर्वसूचना दिन आफ्नो मूर्तिबाट पसिना निकाल्ने देवता भीमेश्वरका कारण देशभित्र र विदेशमा समेत विख्यात छ । तिनै देवताको नाम लिएर बनेको भीमेश्वर नगरपालिकाले सिंगो जिल्लालाई आफ्नो नाम दिने दोलखा बजारका साथै जिल्ला सदरमुकाम चरिकोटलाई समेत समेटेको छ । प्राकृतिक सौन्दर्य, जातीय विविधता, कर्मठ जीवनशैली तथा समृद्ध धार्मिक-सांस्कृतिक परम्पराको संगमस्थल यो नगरपालिका शिक्षा, स्वास्थ्य, ब्यापार-ब्यवसाय, सञ्चार सुविधालगायत विकासका प्रत्येक आयाममा तीव्र गतिका साथ अघि बढ्दै गएको छ ।

भीमेश्वर नगरपालिका मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत जनकपुर अञ्चलको हिमाली जिल्ला दोलखाको पहिलो नगरपालिका हो । जिल्लाका दुई संसदीय निर्वाचन क्षेत्रमध्ये २ नम्बर क्षेत्रमा पर्ने यस नगरपालिकामा १३ वडा छन् । २७° ३६' देखि २७° ४६' उत्तरी अक्षांश र ८५° ५८' देखि ८६° ०६' पूर्वी देशान्तरमा फैलिएको यसको क्षेत्रफल ६५०४ वर्ग किलोमिटर छ । पछिल्लो जनगणनाअनुसार नगरपालिकाको जनसंख्या पुरूष १३,००६ र महिला १२,६३५ गरी २५,६३१ रहेको छ ।


# प्रवेशद्वार

भीमेश्वर नगरपालिका तीन दिशाबाट सडक सञ्जालसँग जोडिएको छ । उत्तरमा तिब्बतसँग जोडिन लागेको दोलखा-सिंगटी सडक, दक्षिणमा बीपी राजमार्ग र पश्चिममा लामोसाँघु-जिरी सडकबाट नगर प्रवेश गर्न सकिन्छ । राजधानी काठमाडौंबाट खोलानाला, वनजंगल, नदी किनार, गाउँघर र हिमालहरुको दृश्यावलोकन गर्दै १३३ किलोमिटर नागबेली परेको पहाडी सडक यात्रा गरी जिल्ला सदरमुकाम चरिकोट आइपुगिन्छ । नगर प्रवेश बिन्दुमै रहेको मानव निर्मित चरणावती झरनाले आगन्तुकलाई स्वागत गरिरहेको हुन्छ ।






# चरिकोट



चरीजस्तै चिटिक्क परेर समुद्री सतहबाट १९७० मिटर उचाइमा टुसुक्क बसेको चरिकोट साँच्चिकै मनमोहक छ । भनिन्छ, कुनै जमानामा खेतीपातीमा क्षति पुऱ्याउने असिनापानी रोक्न सक्ने क्षमताका शक्तिशाली लामा तप गरी बस्दा उनको दाह्रीमा चराले गुँड लगाएको ठाउँलाई पहिले चरिघ्याङ भनियो र पछि त्यस वरपरको क्षेत्रलाई चरिकोट भन्न थालिएको हो । चरिकोट बजारबाट पश्चिमतर्फ अवस्थित प्राचीन चरिघ्याङ गुम्बा अतीतमा बौद्ध अध्ययन केन्द्र रहेको मानिन्छ । हिमाली जिल्लाको यो पहाडी सदरमुकामलाई कतिपयले भारतको दार्जिलिङको प्रतिरुप ठान्छन् । यहाँ एकै ठाउँबाट विशाल हिमशृङ्खला, तामाकोशी नदी, ठूलठूला पहाड, घना जंगल तथा पहाडी मानव बस्तीहरु देख्न सकिन्छ ।



चरिकोटमा सुविधायुक्त होटलहरु, एटीएमसहितको बैंकिङ सेवा, सार्वजनिक सिनेमा हलहरु, पुस्तकालय, सार्वजनिक यातायात र आधुनिक सञ्चार सुविधा उपलब्ध छ । क्याम्पस, उच्च माविलगायत विभिन्न शिक्षण संस्थाका साथै सुविधा सम्पन्न सपिङ कम्प्लेक्स र पर्याप्त मात्रामा निजी तथा सरकारी स्वास्थ्य केन्द्रहरु रहेका छन् । कृषि उपज बजार र शनिबार लाग्ने हाटबजार स्थानीय उत्पादन बिक्रीका लागि राम्रो थलो बनेका छन् । कालिञ्चोकमा १२ वर्ष तपस्या गरेर आएका कालिञ्चोक बाबाले २०५० सालमा कोटिहोम लगाएपछि चर्चित बनेको कोटिहोमस्थल पनि यहीं छ । विभिन्न धार्मिक तथा पारम्परिक कार्यमा प्रयोग गरिने यो स्थल घुमफिर गर्नका लागि पनि लोकप्रिय छ ।






## दोलखा बजार र भीमेश्वर

प्राचीन इतिहासमा अभयपुरको नामबाट परिचित दोलखा बजारले धार्मिक-सांस्कृतिक नगरको पहिचान पाएको छ । कुनै बेला सम्पन्न, सशक्त र स्वतन्त्र राज्य रहेको दोलखाका राजा जयइन्द्रसिंह देवले सोह्रौं शताब्दीमा नेपालमा पहिलोपटक चाँदीको मोहर (टक) प्रचलनमा ल्याएका थिए । हाल दोलखा बजारमा उद्यानसहित उनको सालिक छ ।

आफ्नो मूर्तिमा पसिना उत्पन्न गरेर देशमा प्राकृतिक हलचल, अनिष्ट र राजनीतिक परिवर्तनको पूर्वसूचना दिने देवताका रुपमा प्रसिद्ध भीमेश्वर महादेवको मन्दिर यहीं रहेको छ । प्राचीनकालमा एकजना भरियाले खाना पकाउन चुल्होको रुपमा प्रयोग गरेका तीनवटा ढुंगामध्ये एउटा ढुङ्गातिरको भात काँचै रहेको देखेर रीसले पन्यूँले हिर्काउँदा ढुंगाबाट रगत र दूध बग्न थालेपछि देवता रहेछ भनी भीमेश्वरका रुपमा मन्दिर बनाएर पुज्न थालिएको किंवदन्ती छ । महाभारतकालमा पाँच पाण्डवहरुले यहीं गुप्तबास बसेको र उनीहरुले बोलेको भाषा नै दोलखाका नेवार समुदायले बोल्दै आएको जनविश्वास छ ।




भीमेश्वरको दर्शनपछि त्रिपुरासुन्दरी भगवतीको दर्शन गर्न पुग्नेका लागि चम्पुजा हरियाली पार्क आकर्षणको केन्द्र बन्दै गएको छ । वनभोज, गोष्ठी र विभिन्न कार्यक्रमका लागि सुविधायुक्त चम्पुजाबाट देखिने प्राकृतिक दृश्यले जोकोहीलाई मोहित पार्छ ।



चरिकोटबाट चार किलोमिटर उत्तर-पूर्वमा रहेको दोलखा बजार मन्दिर र मूर्तिहरुको नगरी हो । यहाँ टोलैपिच्छे विभिन्न मन्दिर र स्तूपहरु रहेका छन् जहाँ वर्षभरि नै जात्रा, उत्सव चलिरहन्छन् । मन्दिरहरुको कलात्मकताले यहाँको समृद्ध इतिहासको झलक प्रस्तुत गर्छ । होटल र होमस्टेका साथै आधुनिक सञ्चार सुविधा सम्पन्न दोलखा बजार पर्यटकका लागि बाह्रै महिना आकर्षणको केन्द्र हो ।

## माछा र फलफूलको नयाँ पुल

चरिकोटबाट ऐतिहासिक किराँतीछाप हुँदै तामाकोशी किनारमा रहेको अस्थायी बजार नयाँ पुल पुग्न सकिन्छ । यहाँ पुग्नुअघि अलकत्रे सडक वरपर फैलिएको वन क्षेत्रमा मयूर चरिरहेका देखिन्छन् । लोकल माछाको स्वाद लिन र स्थानीय ताजा फलफूलका लागि मानिसहरु नयाँ पुल पुग्छन् । नयाँ पुलबाट पाँच सय मिटर दक्षिणतिर रहेको त्रिवेणी पवित्र तीर्थस्थल हो ।



किराँतीछाप





## महाकाली मन्दिर

चरिकोटबाट ६ किलोमिटर दूरीमा रहेको महाकाली मन्दिरको आफ्नै विशेष महत्व छ । कालिञ्चोक भगवतीले कोसेलीका रुपमा पठाएको चिमालको फूल यहाँ रहेको कहिल्यै नसुक्ने कुण्डमा आइपुग्थ्यो भन्ने किंवदन्ती दोलखामा अझै सुन्न पाइन्छ । मन्दिरमा भगवतीलाई बाख्राको पाठी र परेवा बलि दिने चलन छ । मुख्य मन्दिरभित्र रजस्वला हुन थालेका बालिका र महिला प्रवेश गर्दैनन् । स्त्रीजाति (पाठी) लाई बलि दिने गरिएकाले महिला प्रवेश नगरेको हो भन्ने मान्यता छ । बलि दिएको प्रसाद तोकिएको क्षेत्रभित्रै पकाई खाइसकेर मात्र फर्कने चलन छ ।




## वृन्दावन



चरिकोटबाट सात किलोमिटर टाढा रहेको वृन्दावन परम्परागत रुपमै मनोरम धार्मिक क्षेत्र हो । पाइलट बाबा र कालिञ्चोक बाबा लगायतले २०६५ सालमा आँप, चाँप, शमी, वरपीपल, बेल, रूद्राक्ष, चन्दन, तुलसीलगायत धार्मिक महत्वका तीन हजार बिरूवा रोपेपछि यस क्षेत्रले विशेष चर्चा पाएको छ । यहाँबाट गौरीशंकर हिमाल, तामाकोशी, शैलुङ, कालिञ्चोक, हनुमन्ते डाँडा, धान झुलेका खेतका गरा, दोलखा बजार र न्यागलका तामाङ बस्तीहरुको दृश्यावलोकन गर्न सकिन्छ ।

## मकैबारीमा तरकारी



वडा नं. ११, १२ र १३ मा फैलिएको मकैबारी क्षेत्र अहिले पहिचान बदलेर तरकारी बारीमा परिणत भएको छ । व्यावसायिक तरकारी खेती यस भेगका बासिन्दाको जीविकोपार्जन र आर्थिक उन्नतिको माध्यम बन्दै गएको छ । भीमेश्वर नगरपालिका क्षेत्र तरकारीमा आत्मनिर्भर मात्र छैन, राजधानीलाई समेत तरकारी आपूर्ति गर्ने भएको छ । उन्नत र नयाँ जातका फलफूलको खेती व्यावसायिक उत्पादनको चरणमा प्रवेश गरेको छ । फलफूलको राजा भनिने किवी, ग्राउण्ड एप्पलजस्ता नयाँ जातका फलफूलको व्यावसायिक खेती सुरू भएको छ ।







## जात्रा र चाडपर्व

नगरपालिका क्षेत्रभित्र वर्षैभरि विभिन्न जात्रा र चाडपर्वहरु मनाइने गर्दछन् । हिन्दू तथा बौद्ध धर्मावलम्बीहरु, नेवार र किरौंत समुदायका साथै सबै जातजातिले आ-आफ्ना चाडपर्व उत्साहका साथ मनाउने चलन छ । दसैं-तिहारका साथै बुद्धपूर्णिमा, कृष्णाष्टमी, महाशिवरात्रि, बालाचतुर्दशी, वसन्त पञ्चमी, होली, चैते दसैं, भूमिराजा पर्व, हिलेजात्रा, गाईजात्रा, इन्द्रजात्रा, भीमेश्वर जात्रा, मच्छिन्द्र रथजात्रा, भैरवकुमारी जात्रा यहाँ धूमधामसाथ मनाइने प्रमुख पर्व हुन् ।